**मधेश भूमी दैनिक**
**सम्पर्क नं.**
९८१९२३२७६४
९८२११४९२३५
९८४५२५४२६४
विज्ञापनको लागि मात्र



जि.प्रशा.का.रौ.दर्ता नं. १०१ जि.हु.का.रौ.दर्ता नं.४/०७९/०८०

MADHESH BHUMI DAILY
# मधेश भूमी दैनिक
www.madheshbhuminews.com



प्रारम्भिक शिक्षा नै बालबालिकाको शिक्षाको अधार हो ।
GAUR ACADEMY
GAUR, RAUTAHAT
तपाई आफ्नो बच्चाको उज्जवल भविष्यको लागि हामी सँग सम्पर्क गर्नुस्
गौर वडा नं. ३, रौतहट
सम्पर्क नं.: ९८४५२५४२६४ र ९८४५४९६२८२



बर्ष १ | २०८० माघ २६ गते शुक्रबार | 9 February 2024 Friday | मूल्य ५/- | पृष्ठ सङ्ख्या ४ | अंक २७१


## गठवन्धनको सरकार असफल भयो एमालेले मुलुक समृद्धि हुने अध्यक्ष ओली

**राकेश यादव, २५ माघ ।**

रौतहट । नेपाल कम्युनिस्ट पार्टी एमालेका केन्द्रीय अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले २०८४ मा नेकपा एमालेको बहुमतको सरकार बन्ने बताउनु भएका छन ! उहाले मिशन ८४ अभियानले नै एमाले सरकारको नेतृत्व गर्ने दावी गरे ! बिहीबार रौतहट जिल्लाको गरुडा स्थित श्रीराम सुगर मिल्सको प्राँगणमा आयोजित नेकपा एमाले रौतहटको जिल्ला अधिबेशनको उदघाटन गर्न आएका केन्द्रीय अध्यक्ष ओलीले सम्वोधन गर्दै एमालेको सरकार बने देशमा बिकास ,समृद्धि ,सुसाशन आउने बताए !



गठबन्धनको सरकार माथि कटाक्ष गर्दै ओलीले नेकपा एमाले सरकारमा गए पछि पैसा छैन भन्दैन , तलब पनि बढाउछ , जेष्ठ नागरिकको भत्ता बढाउछ र नया नया योजना कार्यान्वयन गर्ने बताए ! गठवन्धन सरकारको कारन मुलुकमा अराजकता ,बेरजगारी र भ्रस्टाचारी बढेको टिप्पणी गरे ! सत्ता गठवन्धनको सरकार असफलता तरफ बढेकोले बर्तमान सरकारबाट आर्थिक समृद्धि ,सुशासन कायम हुन नसक्ने दावी गरे !

नेकपा एमाले सरकारमा भएको बेला सड़क बिस्तार,बैदेशिक रोजगारमा जाने युवाको संख्यामा कमी , शिक्षामा महिलाहरुको सहभागिता , अपांग ,दलित ,मुस्लिम ,बृद्ध महिला ,पुरुष ,एकल महिलाले पाउने सामाजिक भत्तामा बृद्धि गरेको जिकिर गरे !

नेकपा एकीकृत समाजबादी पार्टीका अध्यक्ष माधव कुमार नेपाल प्रति लक्षित गर्दै ओलीले १५ बर्ष पार्टीको प्रमुख ,प्रधानमन्त्री बनाएर राखेकोमा धोखा दिने अर्को पलट कुनै पनि हालतमा नजितने ठोकूवा गरे ! उनले भने दुइ तिहाईको सरकारलाइ धराशाही गर्ने नेपालको हैसियत अरुको खुट्टा कमाउनेमा पुगेको छ !

पार्टीले सञ्चालन गरेको मिशन ८४ अभियान पूरा गर्न जनताको माझमा गएर जनताको दु:ख पीड़ा सुनेर सभव्य ,शालीन बिन्रमता अपनेर समाधान गर्न पार्टीका नेता कार्यकर्त्तालाइ निर्देशन समेत दिएका ओलीले ८४ को निर्वाचनमा रौतहटको ४ संसदीय ,८ प्रादेशिक तथा १८ स्थानीय तह र प्रत्येक वड़ामा एमाले जित्नु पर्ने बताए !गठवन्धनको भक्त भएका माधव कुमार नेपाल लाइ (बाँकी २ पेजमा )

## वीरगञ्ज महानगरले जरिवानाबाट उठायो साढे २४ लाख राजस्व

वीरगञ्ज ,२५ माघ (रासस) : जथाभावी फोहर फ्याँक्नेहरुमाथि कारबाही सुरु गरेको वीरगञ्ज महानगरपालिकाले गएको छ महिनामा साढे २४ लाख रुपैयाँ जरिवाना उठाएको छ ।

वीरगञ्ज महानगरपालिकाले गत विसं २०७९ पुस १७ गतेदेखि जरिवाना गर्न सुरु गरेको र हालसम्म जथाभावी फोहर फ्याँक्ने व्यक्ति र संस्था गरी नौ सय जनाबाट रु २४ लाख ६३ हजार जरिवानाबापतको राजस्व सङ्कलन गरेको सरसफाइ शाखा प्रमुख सरफुदिन मियाँले जानकारी दिनुभयो ।

“घर, पसल र कार्यालयबाट निष्किने फोहर जतातत्तै फ्याँक्ने स्थानीयहरुको प्रवृत्ति छ”, सरसफाइ शाखा प्रमुख मियाँले भन्नुभयो, “त्यो प्रवृत्तिलाई निरुत्साहित गर्न हामीले फोहर फ्याँक्नेलाई जरिवाना गर्ने अभियान सुरु गरेका छौं ।” यो अभियानलाई थप प्रभावकारी बनाउन सार्वजनिक मुद्दा चलाउने योजना बनाएकोसमेत उहाँको भनाइ छ ।

सफा, स्वच्छ र सुन्दर महानगर बनाउने उद्देश्यका साथ निजी संस्थासँग सहकार्य



गरी महानगरका ३२ वटै वडामा तीन चरणमा नियमित सरसफाइ गर्दै आएको छ ।

सफा, सुन्दर वीरगञ्जको योजनाअनुसार अहिले बिहान, दिउँसो र राति गरी तीन चरणमा नाला र सडक सरसफाइ गरिरहेको पनि उहाँले बताउनुभयो ।

विगतमा अस्तव्यस्त र दुर्गन्धित नगरकारुपमा परिचित वीरगञ्ज महानगर क्षेत्रलाई मुलुककै नमुना महानगर बनाउने लक्ष्यका साथ योजना अघि बढाएपछि यतिबेला वीरगञ्ज महानगर क्षेत्र सफा र सुन्दर देखिन थालेको छ । बजेट अभावका कारण देखाउँदै सरसफाइका कर्मचारी हटाएपछि भने फेरि पुरानै अवस्थामा त फर्किने होइन भन्ने चिन्ता बढेको सरसफाइ प्रमुख मियाँको कथन छ ।

“सरसफाइका कर्मचारीले दैनिक सडक र नाला सफा गर्दा सडक चिटिक्क बनेको छ”, प्रमुख मियाँले भन्नुभयो, ‘‘तर केही दिनयता सरसफाइका कर्मचारी घट्दै गएका छन्, जसका कारण अपेक्षाकृतरुपमा सरसफाइको काम हुन सकेको छैन ।”

स्थायी प्रकृतिका सरसफाइ कर्मचारीले अवकाश पाएका र ज्यालादारीका रुपमा राखिएकालाई बजेट अभावका कारण हटाउनुपरेको उहाँको भनाइ छ ।

## गौर यातायात कार्यालयमा सेवाग्रही संग खुलेआम घुस माग्दै

**रन्धिर साह ।**

रौतहट । रौतहटको गौर यातायात कार्लयममा सेवाग्रहीहरु संग खुलेआम घुस मग्दै गरेको एक भिडियो सार्वजनिक भएको छ। गौर यातायात कार्यालयका सहायक अधिकृत रन्जित साह खुल्याम घुस मागेको आरोप लाग्दै आएको र बिहिबार एक भिडियो समेत सार्वजनिक भएको हो । केही समय पहिला बिरगंज यातायात कार्यालयमा घुसखोरी गरि लुट मचाएका यातायात व्यवस्था कार्यालयका सहायक अधिकृत रंजित साह अहिले गौर यातायात कार्यालयमा सेवाग्रहीहरु संग खुल्याम घुस मागी रहेको भिडियो बाहिरीएको हो । उनले भोला नाम रहेको एक ब्यक्तिलाई ५ सय रुपैया दिए पछि सब काम हुने बताइ रहेका छन ।



यातायात व्यवस्था कार्यालय गौरमा अहिले उनले घुसखोरीलाई चरम सिमामा पुर्याएका छन । सवारी साधनको सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्ने समयमा इन्स्योरेन्सको कागज बिना नै उनले नवीकरण गरिरहेको पाइएको छ। यसका लागि उनले प्रत्येक सेवाग्राही संग ५ सय रुपैयाँको दरले घुस लिईरहेको पाइएको छ। सवारी दर्ता प्रमाणपत्र नविकरण गर्न अनिवार्य रुपले गाडीको इन्स्योरेन्स हुनु पर्ने हुन्छ तर सहायक शाखा अधिकृत समेत रहेका रन्जित साहले आफ्नै कक्षमा घुस मागी नविकरण गरिदिने गरेका छन। उनले सवारी साधनको इन्स्योरेन्स गराउनका लागि १७ सय रुपैया लाग्ने गरेको तर उनले ५ सय देखि ७ सय घुस लिएपछि नविकरण गरिदिने गरेका छन ।

बिरगंज यातायात व्यवस्था कार्यालय सवारी चालक (बाँकी २ पेजमा )

## राष्ट्रिय सभा सदस्य चौधरीको सम्मान कार्यक्रम गौरमा सम्पन्न

**मेवालाल यादव, माघ २५ ।**

रौतहट । जनता समाजवादी पार्टी नेपालको पार्टी कार्यालयमा गौरमा बिहिबार जसपा नेपालको तर्फबाट राष्ट्रिय सभा सदस्य पदमा निर्वाचित पुजा चौधरीको सम्मान कार्यक्रम जिल्ला अध्यक्ष श्याम बिहारी यादवको अध्यक्षयता सम्पन्न भएको थियो । जसपा रौतहटको आयोजनामा सम्पन्न सो कार्याकमा पार्टीका नेता तथा कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।



सम्मान कार्यक्रमका प्रमुख अतिथि तथा राष्ट्रिय सभा सदस्य पुजा चौधरीले सम्बोधन गर्दै मधेस प्रदेश सरकारले बेटी पढाउ बेटी बचाउ अन्तर्गत साइकल वितरण तथा छोरी बिमा अन्तर्गत प्रत्येक छोरीलाई तीन लाखको बिमा गर्ने जस्ता योजना जसपाले लागू गरेको बताइन् । राष्ट्रिय सभा सदस्य चौधरीले यो जित मेरो होइन गठबन्धन तथा जनता समाजवादी पार्टी नेपालको जित हो , भन्ने भन्निन् ।

पुर्व प्रदेश सभा सदस्य रामकिशोर प्र. यादवले सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै मधेस प्रदेशका नागरिक पहाडी जिल्लामा पहिचान गराउन राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवको महत्त्वपूर्ण भुमिका रहेको जिकिर गर्नु भयो । मधेस प्रदेशको पूर्व मुख्यमन्त्री मो.लालबाबु गद्दीले समाजमा रहेको महिला बालबालिकाको लागि सबैभन्दा पहिलो साइकल तथा जन्मेको बालिकाको लागि शिक्षा बिमाको सुरुवात गरेको पहिलो पार्टी जनता समाजवादी पार्टी नेपाल रहेको जिकिर गरे । भोलीको दिनमा मधेस प्रदेशमा बसोबास गर्ने थारु,दलित,चमार,मुस्लिम समुदायको ब्यक्ति प्रधानमन्त्रीको दाबेदार रहने बताए।

सो सम्मान कार्यक्रममा जसपाको राजनीतिक सदस्य बिश्वनाथ पटेल , प्रदेश सदस्य शोभा साह देवि ,सर्लाही इन्चार्ज राम आशिष यादव, पुर्व नगर प्रमुख बिरेन्द्र यादव , जिल्ला अध्यक्ष श्याम बिहारी यादव, जिल्ला सचिव जयराम महतो ,समाजवादी बिधार्थी युनियन संघको सचिव ललन यादव लगायत रौतहट जिल्लाको प्रत्येक नगर अध्यक्ष , वडा अध्यक्ष , सदस्य तथा पार्टीका नेता , कार्याकर्ताहरुको उपस्थिति रहेको थियो ।


**प्रियान्सु पुस्तक पसल**
**गौर, रौतहट**

हाम्रा सुविधाहरुः
१. यहाँ कक्षा १ देखि १२ सम्मका सामुदायिक (सरकारी) तथा संस्थागत (बोडीङ्ग) स्कुलका पुस्तकहरू पाइन्छ ।
२. त्रिभुवन विश्वविद्यालय अन्तरर्गत बि.एड., बि.बि.एस. र बि.ए. का पुस्तकहरू पाइन्छ ।
३. सिटीइभिटी अनतर्गतका एच.ए., डिप्लोमा अप कम्प्युटर, अमिन, भेटनरी, आइ.टी. जस्ता कार्यक्रमको पुस्तकहरू पाइन्छ ।
४. शिक्षक सेवा आयोग र लोक सेवा आयोग सित सम्बन्धित सबै पुस्तकहरू पाइन्छ ।
५. खेलकुदका सामग्री लगायत स्टेशनरी सम्बन्धि सम्पुर्ण सामग्रीहरू पाइन्छ ।

प्रोपाइटर
राधेश्याम पंडित (९८४५५२७३७०)

रमणिय वातावरण भएको रौतहट जिल्लाको एक मात्र सुविधा सम्पन्न होटल
**तराई इन होटल**
इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको अगाडी
**हाम्रा सेवाहरू**
चपुर भ्यु प्वाइन्ट, रूफटप रेस्टुरेन्ट, सेल्फी प्वाइन्ट, स्टेज प्रोग्राम, वर्थडे, एनिभरसरीका लागि लिफ्टको सुविधा भएको, सरकारी तथा गैर सरकारी संस्थाका लागि कार्यकम गर्न हलहरूको प्रयाप्त सुविधा भएको ।
अत: सेवाको लागि हामीलाई सम्झनुहोस ।
सम्पर्क नं. ०५५-५४०६००, ०५५-५४०७५५ र ९८२०९२८७०४



प्रकाशक : शिला कुमारी
सम्पादक : सुरेश कुमार वर्मा
समाचार प्रमुख : देवेन्द्र प्रसाद यादव
कानुनी सल्लाहकार : अधिवक्ता आफताब आलम
व्यवस्थापक : सुबाश मंडल
चन्द्रपुर प्रतिनिधी : सरोज मिश्रा
पर्सा प्रतिनिधी : रामजी राय यादव
कम्प्यूटर सेटिङ्ग : राहुल पाण्डेय
कार्यालय : गौर नगरपालिका वडा नं. ३, रौतहट
मुद्रक : सोना अफसेट प्रेस गौर, रौतहट
सम्पर्क नं. -९८४५४९६२८२/९८१९२३२७६४
इमेल : madhesabhumi@gmail.com

# राज्यको प्राथमिकता र जनताको भविष्य हेरेर बजेट बनाउनुपर्छ : प्रधानमन्त्री

**काठमाडौँ,** २५ माघ : प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राज्यको प्राथमिकता र जनताको भविष्यलाई ध्यानमा राखेर आगामी आर्थिक वर्षको बजेट निर्माण गर्नुपर्ने बताउनुभएको छ ।

सिंहदरबारमा आज 'आगामी वर्षको राष्ट्रिय स्रोत अनुमान'सम्बन्धी छलफलमा प्रधानमन्त्री प्रचण्डले जनतालाई केन्द्रमा राखेर बजेटको 'सिलिङ' तोक्नुपर्नेमा जोड दिनुभएको हो ।

उत्पादन वृद्धि र रोजगारी सिर्जना हुने खालका योजनालाई विशेष प्राथमिकतामा राखेर योजना छनोट गर्न उहाँले मन्त्रालयहरूलाई निर्देशन दिनुभयो । "बजेट बनाउँदा यथार्थपरक होऔँ । 'प्रोएक्टिभ' भएर स्रोत जुटाउनेतिर सोचौँ", प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "हाम्रो नीति तथा कार्यक्रम र बजेटले जनताको विश्वास जित्नुपर्छ । व्यवस्थालाई बलियो बनाउनुपर्छ ।"



बजेट विशुद्ध अर्थशास्त्र मात्र नभएर राजनीतिक अर्थशास्त्र भएको उल्लेख गर्दै प्रधानमन्त्रीले विगत वर्षमा हुने गरेका असमझदारीलाई अन्त्य गर्ने गरी अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "विगतमा योजना आयोग र मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्र बैंकबीच केही अन्योलता देखिने गरेको थियो, अब त्यसो हुनहुँदैन ।"

पछिल्लो समय देशको अर्थतन्त्र सही बाटोमा आगाडि बढेको बताउँदै प्रधानमन्त्रीले भन्नुभयो, "निरन्तरको प्रयासपछि राजस्व सङ्कलन बढेको छ भने अर्थतन्त्रका बाह्य सूचकहरू राम्रा भएका छन् ।"

पुँजीगत खर्च बढ्न नसक्नुका कारण पहिल्याएर आगामी दिनमा वित्तीय एवं मौद्रिक नीति तय हुनुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "राष्ट्रिय महत्व र प्राथमिकतामा आधारमा बजेट बनाऔँ । पुँजीगत खर्च किन बढ्न सकेको छैन, त्यसको गम्भीर समीक्षा गरौँ र बजेट बनाऔँ ।"

सो अवसरमा अर्थमन्त्री डा प्रकाश शरण महतले माग र सामर्थ्यबीच विरोधाभास भएको स्थितिमा सन्तुलित बजेट आवश्यक पर्ने बताउनुभयो । विगत वर्षको तुलनामा राजस्व सङ्कलनमा कमी नआएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "राजस्व १० प्रतिशतले बढेको छ । अन्तर्राष्ट्रियस्तरमा यसलाई राम्रो प्रगति मानिन्छ ।"

छलफलमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले बजेटका स्रोतहरू राजस्व, अनुदान, वैदेशिक ऋण र आन्तरिक ऋणको अवस्थाबारे जानकारी गराउनुभएको थियो । छलफलमा विभिन्न मन्त्रालयका मन्त्रीहरू एवं सचिवहरूको सहभागिता थियो ।

# 'सुशासनको अभावमा विकास हुन सकेन'

**महोत्तरी (रासस),** २५ माघ : उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुशासनको अभावमा मुलुकले विकासको गति लिन नसकेको बताउनुभएको छ ।

महोत्तरीको बर्दिबास-३ गौरीडाँडास्थित आधारशिला परिवारको २१औँ वार्षिकोत्सव समारोहको बिहिबार उद्घाटन गर्दै मन्त्री श्रेष्ठले भ्रष्टाचार विरुद्ध सरकार निर्मम तरिकाले प्रस्तुत भएको बताउनुभयो ।



"मुलुकको विकासको मुख्य बाधक भनेकै भ्रष्टाचार र कुशासनको जालो हो, उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "यसविरुद्ध सरकारले काम थालेपछि जालीहरुका आँगनमा कोकोहोलो मच्चिएको छ । त्यसैले पछिल्ला केही दिनयता जाली तमसुकको लुट मच्चाउने अनुचित लाभ लिने 'मिटर ब्याजी', सरकारी कार्यालयमा बिचौलिया बनेर कमाउ धन्दा चलाउनेलाई कारबाहीको दायरमा ल्याइन्छ ।"

आधारशिला श्रमजीवी जनताको आस्थाको केन्द्र भएको हुँदा यो ठाउँबाट सामाजिक फट्याइँ, धुर्त्याइँ र जालझेलविरुद्ध सम्झौताविहीन आन्दोलनको नेतृत्वको अपेक्षा सर्वसाधारणले राखेका उहाँले उल्लेख गर्नुभयो ।

"सरकार मिटरब्याजी, भ्रष्टाचारी र कुशासनविरुद्ध परिणाममुखी काममा लागेको छ," आधाशिला परिवारका मुख्य संरक्षकसमेत रहनुभएका श्रेष्ठले भन्नुभयो, "पछिल्लो पटक ठूला अनियमितताका 'फाइल' खोलिँदै गएपछि जालझेल गर्नेहरू सरकारका कामलाई निष्प्रभावी बनाउन उद्यत् छन् तर सरकारले भ्रष्टाचारविरुद्धको कामलाई परिणाममा पुऱ्याएर छाड्नेछ ।"

आधारशिलाको २१औँ वार्षिकोत्सव समारोहमा यस परिवारका संस्थापकमध्येका एक पूर्वमन्त्री गिरिराजमणि पोखरेलले सहभागीलाई स्वागत गर्नुभएको थियो । समारोह आधारशिला परिवारका अध्यक्ष दीपबहादुर योञ्जनको अध्यक्षतामा सम्पन्न भएको हो ।

# हुलाकका एक हजार छ सय ३६ दरबन्दी खारेज

**काठमाडौँ (रासस),** २५ माघ : सरकारले केन्द्रीय धनादेश र टिकट व्यवस्थापन तथा 'फिलाटेलिक' कार्यालय खारेज गरेको छ । मन्त्रिपरिषद्को बिहिबारको बैठकले 'एक पालिका एक हुलाक' कायम गर्ने, हुलाकको सङ्गठन संरचना परिवर्तन गर्ने र एक हजार छ सय ३६ दरबन्दी खारेज गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो ।




बैठकले विद्युतीय सुशान आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिएको छभने गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण (पहिलो संशोधन) निर्देशिका २०८०, स्वीकृत गरेको छ । बैठकले रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयार विकास समिति गठन आदेश २०८० बमोजिम अध्यक्ष पदमा महोत्तरी निवासी डा रशुराम मिश्रलाई नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्तासमेत रहनुभएकी मन्त्री शर्माले सञ्चारकर्मीहरूलाई बताउनुभयो ।

## गौर यातायात कार्यालय........................................

अनुमती पत्र शाखामा रहदा उनलाई कालोमोसो दलिएको थियो। वीरगन्ज यातायातबाट यातायात व्यवस्था कार्यालय गौर सरुवा भएपनि साह वीरगन्जमै अड्डा जमाएर घुसखोरी गरि जनतालाई दुख दिने गरेका थिए। अहिले सोहि रोबैया यातायात व्यवस्था कार्यलय गौरमा समेत अपनाएका छन। रौतहट जिल्ला यातायात गौर व्यवस्था कार्यालयमा उनले आफूमातहतका दलाल परिचालन गरी कार्यालयबाट प्रदान गरिने सेवामा चरम घूस लिने गरेका छन । यातायात ब्यवस्था कार्यलय गौरमा सहायक अधिकृत साहले खुला रुपमा घुसखोरी गरि भ्रष्टाचारलाइ चरम सिमामा पुगाएपनी जिल्ला प्रशासन कार्यलय गौरले ध्यान नदिनु शन्खाको विषय बनेको छ। त्यस्तै अख्तियार अनुसन्धान आयोग जनकपुर , हेटौंडा र अख्तियार अनुसन्धान कार्यलय टङालले समेत ध्यान नदिइएको पाइको छ ।

## गठवन्धनको सरकार असफल........................................

गठवन्धनले फाले पछि घरको न घाटको हुने भन्दै तीखो आलोचन गर्दै पूर्व प्रधानमन्त्री ओलीले एमाले सित गद्दारी गर्ने प्रभु साह पनि आफ्नै नगर पालिका मै सिमित भएर बस्ने बताए ! कार्यक्रममा कोशी प्रदेश इंचार्ज रघुवीर महासेठ , मधेश प्रदेश इंचार्ज योगेश भट्टराई , केन्द्रीय सदस्य अजय कुमार गुप्ता ,लेखा समिति सदस्य राजकिशोर प्रसाद यादव , जिल्ला इंचार्ज पुरुषोत्तम पौडेलले आ आफ्नो मंतव्य राखेका थिए ! जिल्ला संयोजक सचितानंद साहको अध्यक्षता भएको कार्यक्रममा बिभिन्न पार्टी परित्याग गरी सयौको संख्यामा पार्टी प्रवेश गरेका छन !

धुम्रपान स्वास्थ्यको लागी हानिकारक हुन्छ ।

# छ महिनामा अवैध हातहतियारसहित १३४ पक्राउ

**काठमाडौँ (रासस),** २५ माघ : नेपाल प्रहरीले चालु आर्थिक वर्षको छ महिनामा देशका विभिन्न स्थानबाट अवैध हातहतियारसहित एक सय ३४ जनालाई पक्राउ गरेको छ । प्रहरीका अनुसार पक्राउ पर्नेमा एक सय ३० पुरुष र चार महिला छन् । प्रहरीका अनुसार पक्राउ पर्नेमा छ जना विदेशी नागरिक छन् ।




प्रहरीले दिएको जानकारी अनुसार काठमाडौँ उपत्यकाबाट १७ जना, कोशी प्रदेशबाट १८ जना, मधेस प्रदेशबाट २५ जना, बागमती प्रदेशबाट १३ जना, गण्डकी प्रदेशबाट १४ जना, लुम्बिनी प्रदेशबाट २१ जना, कर्णाली प्रदेशबाट १२ जना र सुदूरपश्चिम प्रदेशबाट १४ जना पक्राउ परेका छन् । यस अवधिमा अवैध हातहतियार अन्तर्गत जम्मा ९४ मुद्दा दर्ता भएका छन् ।

"अवैध हातहतियार नियन्त्रणमा प्रहरी सक्रियताको कारण विभिन्न व्यक्तिहरूलाई हतियारसहित पक्राउ गर्न नेपाल प्रहरी सफल भएको छ । यसबाट हतियारधारी समूह निस्तेज बनेको छ", प्रहरीले भनेको छ, "यसबाट मुलुकमा शान्ति सुरक्षा कायम राख्न सहज भएको छ । आम नागरिकले शान्ति सुरक्षा, अमन चयन कायम भएको महसुस गरेका छन् ।"

प्रहरीले अपराधमुक्त समाज निर्माण र अपराध नियन्त्रणका लागि अवैध हातहतियार कारोबारी तथा प्रयोगकर्तालाई पक्राउ गरी कानुनी दायरामा ल्याउन सक्रियता बढाएको उल्लेख गरेको छ ।

"नेपाल प्रहरीले सूचना संयन्त्रलाई बलियो बनाउँदै काम गरेको कारण हातहतियार कारोबारी र हतियार नियन्त्रणमा लिन सकिएको हो", नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायव महानिरीक्षक भिमप्रसाद ढकालले भन्नुभयो, "सरोकारवाला निकायबीचको सहकार्यले यस कार्यमा थप मद्दत पुगेको छ । हतियारको जोखिमबारे सर्वसाधरणलाई चेतना जगाउन सफल भएपछि अवैध हतियार राखेका व्यक्तिहरूले समेत हतियार प्रहरीमा बुझाएका छन् ।"

विभिन्न सम्भावित ठाउँमा सबै प्रकार का अवैध हतियार नियन्त्रण गर्न विशेष टोली परिचालन गरिएको उहाँको भनाइ छ ।

सो अवधिमा पेस्तोल छ थान, रिभल्वर चार थान, कट्टुवा पेस्तोल १७ थान, बन्दुक ६ थान, भरुवा बन्दुक ८१ थान र एयर गन २ थान गरी जम्मा १ सय १६ थान अवैध हतियार बरामद भएका छन् । सो अवधिमा पेस्तोलको गोली ५३ राउण्ड, रिभल्वरको २२ राउण्ड, कट्टुवाको १७ राउण्ड, बाह्रबोरको १९ राउण्ड, बन्दुकको २० राउण्ड, भरूवाको ९३ राउण्ड र अन्य ३ राउण्ड गरी जम्मा २ सय २७ राउण्ड गोली बरामद भएको छ ।

बरामदमध्ये काठमाडौं उपत्यकाबाट सात थान हतियार र १४ राउण्ड गोली, कोशी प्रदेशबाट १८ थान हतियार र १५ राउण्ड गोली, मधेस प्रदेशबाट १४ थान हतियार र ६३ राउण्ड गोली, बागमती प्रदेशबाट १८ थान हतियार र २१ राउण्ड गोली, गण्डकी प्रदेशबाट ९ थान हतियार, लुम्बिनी प्रदेशबाट २५ थान हतियार र ७१ राउण्ड गोली, कर्णाली प्रदेशबाट १३ थान हतियार र छ राउण्ड गोली तथा सुदूरपश्चिम प्रदेशबाट १२ थान हतियार र ३७ राउण्ड गोली छन् । जसमा भरूवा बन्दुक र कट्टुवा पेस्तोलको सङ्ख्या अन्यको भन्दा बढी रहेको प्रहरीको भनाइ छ । तस्करी, हत्या, अपहरण, डकैती, लुटपाट, जबरजस्ती चन्दा असुली तथा दुर्लभ वन्यजन्तुको शिकारीमा यस्ता हातहतियार प्रयोग भएको देखिएको प्रहरीको भनाइ छ। अवैध हातहतियार नियन्त्रण तथा कारोबारीलाई कानुनी दायरामा ल्याउन नेपाल प्रहरीले देशभरि नै विशेष अभियान चलाएको प्रहरी नायव महानिरीक्षक ढकालले जानकारी दिनुभयो ।

अभियानको प्रभावले आम नागरिकबाट सूचना प्राप्त गर्न सहज भएको र यसबाट अवैध हातहतियार नियन्त्रण गर्न प्रहरीलाई सफलता मिलेको उहाँको भनाइ छ। नियन्त्रणमा लिइएका व्यक्ति तथा हतियार सम्बन्धमा हातहतियार तथा खरखजानासम्बन्धी कसूरमा अनुसन्धान एवम् कारवाही हुने गरेको प्रहरीको भनाइ छ ।

प्रहरीले अवैध हतियार कतै लुकाइ राखेको थाहा भएका उक्त सूचना नेपाल प्रहरीलाई उपलब्ध गराउन र अवैध हतियार बुझाउन अनुरोध गरेको छ । अपराधमुक्त समाज निर्माण र अपराध नियन्त्रणका लागि अवैध हातहतियार कारोबारी तथा प्रयोगकर्तालाई पक्राउ गरी कानुनी दायरामा ल्याउन नेपाल प्रहरी सक्रिय छ ।

गाउँ नगर टोल छर छिमेक सफा राखौं । प्रदुषणबाट हुने रोगबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं । - परोहा नगरपालिकाद्धारा जनहितमा जारी सन्देश

## स्वास्थ्य, शिक्षा र जीवनशैली समाचार

# संविधानमा निःशुल्क भनिएका स्वास्थ्य सुविधा सरकारले उपलब्ध गराउँछ : स्वास्थ्यमन्त्री बस्नेत




**पाटन (रासस),** २५ माघ : स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले शिक्षा र स्वास्थ्यलाई संविधानमा निःशुल्क भनेर उल्लेख गर्ने तर व्यवहारमा निःशुल्क उपचार नपाउने भएर नागरिकको ज्यान जाने अवस्था हुनुहुँदैन भन्नुभएको छ ।

मन्त्री बस्नेतले संविधानले निःशुल्क भनेका स्वास्थ्य सुविधालाई नेपाल सरकारले उपलब्ध गराएको जानकारी पनि दिनुभयो ।

मानसिक स्वास्थ्य अस्पताल लगनखेलको किशोरकिशोरी मानसिक स्वास्थ्य एकाइ उद्घाटन समारोहमा मन्त्री बस्नेतले हरेक एक सय जनामा १० मानसिक रोगी भेटिने गरेको तथ्य पाइएको पनि उल्लेख गर्नुभयो ।

"बालबालिका र किशोरकिशोरीका लागि एकीकृतरूपमा छुट्टै युनिट खडा गरेर उपचार सेवा दिने उद्देश्यले यो सेवा सुरु गरेकामा हार्दिक आभार दिन चाहन्छु । सरकारले गर्नुपर्ने काम निजी साझेदार संस्था र विकासका साझेदार संस्थाबाट भएको छ । मानसिक रोगी बढ्नुका कारण पत्ता लगाएर त्यसलाई रोक्न ध्यान दिनुपर्छ", मन्त्री बस्नेतले भन्नुभयो ।

समस्यामा परेका व्यक्तिले समयमा उपचार पाउने सुनिश्चितता छैन भन्ने साचेर पनि मानसिक रोग बढेको भन्ने पाइएकाले यसका लागि राज्य, सङ्घसंस्था र नागरिक सबै मिलेर समाधानको प्रयास सुरु गर्नुपर्छ भन्नुभयो ।

ललितपुर क्षेत्र नं २ का सांसद प्रेमबहादुर महर्जनले मानिसको जीवनमा हुने धेरै घटनाका कारण मानसिक रोगी बन्न पुगेकालाई समयमै उपचार गारनुपर्ने सुझाव दिनुभयो ।

जिल्ला समन्वय समिति ललितपुरका प्रमुख ऋषिदेव फुयाँलले मानसिक स्वास्थ्यलाई ख्याल राखेर बिरामीलाई सेवा पुऱ्याउनका लागि आवश्यक समन्वय र सहकार्य गर्ने बताउनुभयो ।

नेपालका लागि नर्वेजियन राजदूत तोरुन ड्रमडालले नेपाल नर्वे कूटनीतिक सम्बन्धका बारेमा चर्चा गर्दै मानसिक स्वास्थ्य समस्या समाधानका लागि नर्वे नेपाल सरकारसँग सहकार्यका साथ अगाडि बढ्ने बताउनुभयो ।

किशोरकिशोरी सञ्जाल मधेस प्रदेशकी सदस्य खुसी चौरासियाले प्रविधि र इन्टरनेटको अहिलेको समयमा किशोरकिशोरीको स्वास्थ्यलाई ध्यान दिएर गरिएको यो प्रयास अतिआवश्यक र महत्वपूर्ण कार्य भएको बताउनुभयो ।

सिविन नेपालका कार्यकारी निर्देशक सुम्निमा तुलाधरले उत्पीडनमा परेका बालबालिका मनोचिकित्साको समस्या भएको बताउँदै किशोरकिशोरीका लागि सेवा प्रदान गर्ने अभिप्रायले छुट्टै युनिट खडा हुनु खुसीको कुरा हो भन्नुभयो ।

# पृथ्वीनारायण शाह छात्रवृत्ति कोष स्थापना



**सप्तरी (रासस),** २५ माघ : मधेस प्रदेशका पूर्व प्रदेश प्रमुख डा राजेश अहिराजले पृथ्वीनारायण शाहका नाममा बिहिबार सप्तरीको कञ्चनरुपस्थित नन्दराज सङ्गौला क्याम्पस रूपनगरमा छात्रवृत्ति कोष स्थापना गर्नुभएको छ । समुदायद्वारा सञ्चालित क्याम्पसमा आयोजित एक समारोहकाबीच उहाँले रु एक लाख एक हजार हस्तान्तरण गदै 'राष्ट्र निर्माता पृथ्वी छात्रवृत्ति कोष' स्थापना गर्नुभएको हो ।

डा अहिराजले गाउँका विद्यार्थीका लागि केही गरौँ भन्ने उद्देश्यले यस क्याम्पस कोष स्थापना गरेको बताउनुभयो । "जीवन सार्थक बनाउन मानिसले आफ्नो आर्जनको न्यूनतम् दश प्रतिशत सामाजिक सेवामा लगाउनुपर्छ", उहाँले भन्नुभयो ।

मधेस मामिलामा विद्यावारिधि गर्नुभएका अहिराजले पृथ्वीनारायण शाहले भौगोलिक एकीकरण गर्नुभएको र हामीहरुले नेपालीको भावनात्मक एकीकरण गर्न आवश्यक रहेको बताउनुभयो । भूगोलसँगै भावनाको एकीकरण हुन जरुरी रहेको उहाँको भनाइ छ ।

क्याम्पसमा अध्ययनरत विपन्न तथा जेहन्दार विद्यार्थीलाई उच्च शिक्षामा सहयोग गर्ने उद्देश्यले आरम्भ गरिएको अक्षय कोष रकमबाट प्राप्त बैंकको ब्याजबाट छात्रवृत्ति उपलब्ध गराइने क्याम्पसले जानकारी दिएको छ । अक्षय कोषमा रु एक करोड जम्मा गर्ने लक्ष्य लिइएको सो क्याम्पसका प्रमुख प्राध्यापक दीपककुमार गजुरेलले बताउनुभयो ।

"अक्षय कोषलाई रु एक करोडको बनाएर यो क्याम्पसमा अध्ययन गर्ने सबै छात्रछात्रालाई निःशुल्क शिक्षा दिने हाम्रो सपना हो", प्राध्यापक गजुरेल भन्नुहुन्छ, "गाउँमा उच्च गुणस्तरको शिक्षा उपलब्ध गराउने लक्ष्य राखिएको छ ।"

डा अहिराजको योगदानबाट प्रभावित भएर क्याम्पसका अध्यक्ष गिरिराज सङ्गौलाले छात्रवृत्ति कोषमा रु ५१ हजार थप गर्ने घोषणा गर्नुभयो । अक्षय कोषमा रूपनगर निवासी रामप्रसाद खतिवडाले रु २१ हजार एक सय ११, प्रमिला खतिवडाले रु ११ हजार एक सय ११ र दुवलक्ष्मी श्रेष्ठले रु १० हजार योगदान गर्नुभयो ।

त्यस अवसरमा उच्च अदालत धनकुटाका मुख्य न्यायाधीश डा रत्नबहादुर बागचन्दले यो छात्रवृत्तिबाट विद्यार्थी प्रोत्साहित हुने आशा व्यक्त गर्नुभयो । "शिक्षा गुणस्तरीय नभएसम्म समाजले उन्नति गर्न सक्तैन", डा बागचन्दले भन्नुभयो, "हामी सबैले शिक्षालाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता छ ।"

कञ्चनरूप नगरपालिकाकी उपप्रमुख मुना पोखरेलले विद्यार्थीलाई आफूले र नगरपालिकाको तर्फबाट हरेक तवरले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

शिक्षाको मन्दिरमा गुरुको स्थान उच्चतम् हुने सनातन परम्परा अनुशरण गर्दै कार्यक्रममा प्रमुख अतिथि पूर्वप्रधानाध्यापक शम्भुप्रसाद घिमिरेले शिक्षाकोस्तर कमजोर भएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

कार्यक्रमको उद्घाटन तुलसीमा जल अर्पण गरी नवीन शैलीबाट गरिएको थियो ।




## मनोरञ्जन र खेलकुद समाचार

# फिल्म 'ड्युन पार्ट २' नेपाली मितिअनुसार फागुन १८ गते रिलिज हुने




**एजेन्सी ।** यस वर्ष हलिउडको बहुप्रतीक्षित फिल्म 'ड्युन पार्ट २' नेपाली मितिअनुसार फागुन १८ गते रिलिज हुँदैछ । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले सन् २०२४ को प्रतीक्षित फिल्मको रुपमा यसको चर्चा गरिरहेका छन् ।

तिमोथी चालमेट र जेन्डाया स्टारर यो साइन्स-फिक्सन फिल्मको प्रिमियर मंगलबार मेक्सिको सिटीमा आयोजना गरियो । जहाँ फिल्म स्टारहरु रेडकार्पेटमा प्रस्तुत भए ।

अभिनेता जोस ब्रोलिन र निर्देशक डेनिस भिलेनेउभ पनि प्रिमियरमा सहभागी देखिए । जेन्डाया ब्राउन-बेली-बेरिंग टर्टलनेकमा आकर्षक देखिएकी थिइन् ।

यो फिल्ममा पल एट्रेइड्स (तिमोथी चालामेट) परिवार र मानिसको भविष्य सुनिश्चित गर्न ब्रह्माण्डको सबैभन्दा खतरनाक र बलौटे ग्रह अराकिसको यात्रामा निस्कन्छन् ।

दोस्रो श्रृंखलामा पलले चानी (जेन्डाया) र रहस्यमयी निलो आँखा भएका फ्रेमेन मूल निवासीहरू हरकोनेन्ससँग बदला लिनका लागि टोली बनाउँछन्, जसले उनको परिवारलाई नष्ट गरिदिएका थिए । ब्रह्माण्डको भाग्य नै अन्योलमा रहेको बेला पलले चानीसँगको प्रेमको लागि सम्झौता गर्नुपर्छ ।

दोस्रो श्रृंखलामा शीर्ष कलाकारहरु तिमोथी चालमेट, जेन्डाया, अस्टिन बटलर, फ्लोरेन्स पग, क्रिस्टोफर वाल्केनको चरित्रलाई अझै विस्तृत तुल्याइएको छ । यो फिल्मलाई नेपालमा एप्पल इन्टरटेनमेन्टले रिलिज गर्दैछ ।

# कप्तान पौडेल चम्कँदा क्यानडाविरूद्ध नेपालको रोमाञ्चक जित



**काठमाडौँ,** २५ माघ : कप्तान रोहित पौडेल एक्लैले चार विकेट लिएपछि नेपालले क्यानडाविरुद्धको खेलमा सात रनको रोमाञ्चक जित हासिल गरेको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेर पहिले बलिङ गरेको पाहुना टोलीले नेपाललाई सामान्य योगफलमा समेटे पनि जित भने दर्ता गर्न सकेन ।

एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट शृङ्खलाको पहिलो खेलमा नेपालले प्रस्तुत गरेको दुई सय २५ रनको सामान्य लक्ष्य पछ्याएको क्यानडा ४७ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै दुई सय १७ रनमा सीमित भयो ।

क्यानडाका लागि निकोलस कीर्तनले ९९ बलमा सात चौकाको मद्दतमा ६८ रन बनाए भने पर्गत सिंहले ५० र हर्श थाकरले ३२ रनको योगदान दिए । तर अन्य खेलाडीले उल्लेख्य योगदान गर्न नसक्दा पहिलो खेलमा जित दर्ता गर्नबाट चुक्यो ।

पहिलो विकेट १९ रनमा गुमाएको क्यानडाले दोस्रो विकेट ३५ को अवस्थामा गुमायो । त्यसपछि निकोलस कीर्तन र पर्गत सिंहले पारी सम्हाल्दै तेस्रो विकेटका लागि ७९ रनको साझेदारी गर्दै टोलीलाई बलियो अवस्थामा पुऱ्याए ।

चौथो विकेटका लागि निकोलस कीर्तन र हर्श थाकरले ६० रनको साझेदारी गर्दा क्यानडा एक सय ७४ रनको बलियो अवस्थामा पुग्यो । यो अवस्थामा क्यानडालाई जितका लागि १७ ओभरमा ५१ रनको आवश्यक थियो । खेल पूर्णरुपमा क्यानडाको पक्षमा ढल्किसकेको थियो ।

त्यसपछि क्यानडाको पारी बिग्रियो । उसले थप ४३ रन बनाउँदा बाँकी छ विकेट गुमाउन पुग्यो । क्यानडाको पाँचौ विकेट एक सय ८९ रनमा गुम्यो भने छैँटौ विकेट एक सय ९५ रन छँदा गुम्यो । साथै सातौ र आठौँ विकेट दुई सय सात रनमा, आठौँ र नवौँ विकेट दुई सय १२ रनमा र अन्तिम विकेट दुई सय १७ रनमा गुमायो ।

नेपालका लागि कप्तान पौडेल एक्लैले चार र ललित राजबंशीले दुई विकेट लिए । त्यसैगरी सोमपाल कामी, रिजन ढकाल, पवन शर्राफ र कुशल मल्लले समान एक/एक विकेट लिए ।

जितसँगै नेपाल तीन खेलको शृङ्खलामा १-० को अग्रता बनाएको छ ।

टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धातिर ५० ओभरमा अलआउट हुँदा दुई सय २४ रन मात्रै बनाउन सक्यो । नेपालका लागि कुशल भुर्तेलले ५८ बलमा नौ चौका र एक छक्का प्रहार गर्दै सर्वाधिक ६२ रन बनाए ।

त्यस्तै आशिफ शेख र रोहित पौडेलले समान आठ/आठ रन मात्रै बनाए । भीम सार्कीले १७, कुशल मल्लले २०, आरिफ शेखले ३८, पवन शर्राफले १५, सोमपाल कामीले २७, सूर्य तामाङले १० तथा रिजन ढकालले चार रन बनाए ।

नेपाललाई अलआउट गर्ने क्रममा क्यानडाका उदय भागवानले तीन विकेट लिए भने साद विन जफर र इश्वरजित सोहीले समान दुई/दुई विकेट लिए । त्यस्तै हर्श थाकर र शाहिद अहमदजाइले समान एक/एक विकेट झारे ।

आगामी फागुनमा हुने आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत नामिबिया र नेदरल्यान्ड्सविरुद्धको शृङ्खला सुरु हुनुअघि नेपालले क्यानडासँग तीन खेलको एकदिवसीय शृङ्खला खेलेको हो । नेपाल र क्यानडाबीचको दोस्रो खेल यही माघ २७ हुनेछ ।



